# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, मकवानपुर, पुस २६ गते, २०७८ साल (सङ्ख्या २०

## भाग ३

प्रदेश सरकार

## श्रम, रोजगार तथा यातायात मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८ को नियम ६ को उपनियम (२) को अधिकार प्रयोग गरी श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेशको मिति २०७८।०९।२० (मा.मन्त्रीस्तर) निर्णय अनुसार बागमती प्रदेश भित्र स्वीकृत प्राप्त रुटहरूमा सञ्चालन हुने ट्याक्सी सेवाको भाडा समायोजन तथा निर्धारण सम्बन्धमा मिति २०७८।१०।०१ देखि लागू हुने गरी

देहाय बमोजिमको भाडादर र पालना गर्नुपर्ने सर्त समेत कायम गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**परिमार्जित भाडादरः-**

१. काठमाण्डौं उपत्यकामा सञ्चालित ट्याक्सी सेवाको पहिलो १ कि.मि. सम्मको यात्राको शुरु फ्लाग डाउन भाडा रु. ६०/- (साठ्ठी रुपैंया) कायम गरिएको ।

२. शुरुको १ कि.मि. यात्रा पश्चात् प्रति २०० मिटरको रु. ९.८०/- (नौ रुपैंया असी पैसा) का दरले थप भाडा हुने गरी कायम गरिएको ।

**ट्याक्सी सेवाले पालना गर्नु पर्ने सर्तहरूः-**

१. ट्याक्सीहरूले पूर्णरूपमा मिटर प्रयोग गर्नु पर्ने र मिटरमा नै हिड्नु पर्ने ।

२. सेवाग्राहीलाई ट्याक्सी प्रयोग गर्ने बित्तिकै सवारी साधनको नम्बर, चालकको सम्पर्क नम्बर सहितको विवरण भएको अंग्रेजी र नेपाली माध्यमको भाषा भएको भिजिटिङ्ग कार्ड उपलब्ध गराउनु पर्ने ।

३. ट्याक्सीमा छुटेको सामान ट्याक्सी सेवा प्रदायकले सुरक्षित राखि नजिकको प्रहरीलाई सूचना दिनु पर्नेछ ।

४. ट्याक्सी नियमित रूपमा सरसफाई गरी सेवाग्राहीमैत्री र लैङ्गिक विभेद रहित व्यवहार गर्नु पर्ने ।

**आज्ञाले,**
**अशोक कुमार साह**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-